# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ सङ्ख्या : १३ मिति : कार्तिक २०, २०७९


## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

### उर्लाबारी नगर शिक्षा (पहिलो संशोधन) नियमावली, २०७९

उर्लाबारी नगर शिक्षा नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर कार्यपालिकाले देहायको नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उर्लाबारी नगर शिक्षा (पहिलो संशोधन) नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. उर्लाबारी नगर शिक्षा नियमावली, २०७९ को नियम ७७ मा थपः** उर्लाबारी नगर शिक्षा नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७७ मा उपनियम (२) को व्यवस्था थप गरिएको छ ।

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको कम्पाउण्ड वा खेलमैदानसँग जोडिएको जग्गासँग कुनै जग्गा सट्टापट्टा गर्नुपर्ने भएमा सामुदायिक विद्यालयको भए सम्पत्ति संरक्षण समिति, व्यवस्थापन समिति र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिसमा र संस्थागत विद्यालयको भए सम्बन्धित गुठियार वा कम्पनिको सञ्चालक, व्यवस्थापन समिति र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई सट्टापट्टा गर्न सकिनेछ ।"

**३. "मूल नियमावली" को नियम १८ मा थपः** मूल नियमावलीको नियम १८ पछि देहायका १८क को व्यवस्था थप गरिएको छ ।

"**१८क ट्युसन कोचिङ तथा विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमनः** (१) उर्लाबारी नगरपालिकाभित्र कसैले पनि अनुमति नलिई विद्यालय बाहिर आमने-सामने दुर शिक्षा अनलाईन अफलाईन विधिमा सञ्चालन हुने शैक्षिक परामर्श सेवा, ब्रिजकोर्स कोचिङ क्लास, ट्युसन सेन्टर, भाषा कक्षा, पेशागत सेवाको छनौट सम्बन्धि परीक्षाको पूर्व तयारी कक्षा, सिर्जनात्मक कला सम्बन्धी पाठशाला, होस्टेल खेलकूद र अन्य कुनै पनि प्रकारका अध्यापन सेवा वा सहयोग केन्द्र वा शैक्षिक संस्था सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपनियम (१) बमोजिमको अध्यापन सेवा तथा शैक्षिक संस्था सञ्चालन गर्न वडा कार्यालयको सिफारिस सहित शिक्षा शाखामा निवेदन दिएमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरि खानेपानी, शौचालय, भवन/जग्गा(आफ्नै वा भाडाको), परामर्शदाता/ प्रशिक्षक/ शिक्षक जस्ता पुर्वाधारहरु पुरा भएको खण्डमा निवेदकलाई शर्त तोकि त्यस्तो अध्यापन सेवा प्रदान गर्न अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमका विद्यालय बाहिर सञ्चालन हुने अध्यापन सेवा वा सहयोग केन्द्र सञ्चालन गर्न चाहने वा यस अघि नगरपालिकामा दर्ता भई वा नभई सञ्चालनमा रहेका सबै संस्थाहरुले शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै कक्षा सञ्चालन सम्बन्धि प्रस्ताव सहित शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (१) मा उल्लेखित शैक्षिक संस्थाहरुले अनुमति लिईसकेपछि प्रत्येक वर्ष लेखा परीक्षण गराई नवीकरण गर्नुपर्नेछ ।

४. **“मूल नियमावली” को नियम २ मा संशोधनः** मूल नियमावलीको नियम २५ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ ।

“(४) अभिभावकको अभिलेख राख्नेः विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै (एकाघरका) को नाम, थर ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

तर व्यवस्थापन समितिको अध्यक्ष र सदस्य छनौट गर्ने प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्जै मात्र अभिभावक मानिनेछ ।

५. **“मूल नियमावली” को नियम २८ मा संशोधनः** मूल नियमावलीको नियम २८ को खण्ड (च) झिकिएको छ ।

**आज्ञाले,**
**अग्नि प्रसाद अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

*मूल्य रु. ५।-*